नेपाल सरकार
# प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय
(प्रधानमन्त्रीको निजी सचिवालय)

सिंहदरबार, काठमाडौं
नेपाल ।

पत्र संख्याः- ०७९/०८०
च.नं.:- प्र.नि.स./१/५१६९

मितिः २०७९/१२/२६

श्री परराष्ट्र मन्त्रालय,
सिंहदरबार, काठमाडौं।

विषयः निवेदन पठाइएको सम्बन्धमा।

सम्माननीय प्रधानमन्त्रीज्यूलाई सम्वोधन गरी प्राप्त देहाय वमोजिमको निवेदन यथाशीघ्र पहलको लागि यसै साथ संलग्न गरी पठाइएको व्यहोरा अनुरोध छ।

| सि.नं. | निवेदकको नाम, ठेगाना | माग/विषय | दर्ता नं.र मिति |
|---|---|---|---|
| १. | इन्द्रसुवा राई, गोदावरी-८ख, ललितपुर | छानविनको दायरामा ल्याई दोषीउपर कानूनवमोजिम कडा सजाय गरी न्याय दिलाइ पाउँ। | प्र.नि.स./१/५५५३ २०७९/१२/२६ |

(मोहोदत्त अधिकारी)
शाखा अधिकृत

बोधार्थ एवम् कार्यार्थ
श्री कन्सुलर सेवा विभाग, त्रिपुरेश्वर : संलग्न निवेदनको व्यहोरा अवगत भई सोही अनुसार कार्यान्वयन हुन।



Scanned with CamScanner

श्री नेपाल सरकार

परराष्ट्र मन्त्रालयका माननीय मन्त्रीज्यू समक्ष चढाएको

निवेदन पत्र

विषयः- छानविनको दायरामा ल्याई दोषीउपर कानूनबमोजिम कडा सजाय गरी न्याय दिलाइपाऊँ ।

१. **निवेदिका** :- म सोलुखुम्बु जिल्ला, नेचासल्यान गाउँपालिका वडा नं. ५ घर भई हाल ललितपुर जिल्ला गोदावरी नगरपालिका वार्ड नं. ८ ख. बस्दै आएकी वर्ष ४६ की श्रीमती इन्द्रसुवा राई हुँ । हाम्रा दुई छोरी र एक छोरा रहेको व्यहोरा अनुरोध छ ।

२. **निवेदनको विषय** :- म निवेदिकाको श्रीमान् राहदानी नं. [redacted] को रिन्जी राईको मलेसियामा २०२३ अप्रिल ७ तारिख तदनुसार २०७९ चैत्र २४ गते शंकास्पद किसिमले भएको मृत्युका सम्बन्धमा ।

३. **घट्ना भएको देश र स्थान** :- मलेसियाको Nilai (निलाइ) स्थित Star Domen Resources Company को Laman University Hostel को शौचालयमा झुण्डिएको अवस्थामा भनिएको ।

४. **मेरो निवेदन व्यहोरा निम्न बमोजिम जाहेर गर्दछु :**

(क) म निवेदिकाको श्रीमान् वर्ष ४७ को रिन्जी राईले करिब २० बर्षदेखि नै प्रचलित कानूनको अधीनमा रही मेनपावर कम्पनीमा संलग्न रहनुभएकोमा हाल काठमाडौंको नयाँ बानेश्वर, शान्तिनगरमा आफ्नो छुट्टै Marvelous Employment Nepal Pvt. Ltd. को नामबाट मेनपावरसम्बन्धी कम्पनी खोली उक्त कम्पनीको म्यानेजिङ डाइरेक्टरको रुपमा काम गर्दै आउनुभएको र उक्त कम्पनीबाट वैदेशिक रोजगारका लागि नेपालबाट विभिन्न मुलुकहरुमा कामदारहरु पठाउँदै आईराख्नुभएको क्रममा मलेसियामा समेत कामदारहरु पठाउँदै आउनुभएको थियो ।

(ख) मलेसियामा कामदारहरु पठाउने क्रममा उहाँको शंकास्पद ढंगबाट भएको निधन हुनुभन्दा करिब २ महिना अघिमात्र मेरो जानकारीमा करिब ६४ जना कामदारहरु सिनामंगलस्थित **निमा तामाङको** Rose Human Resources Pvt. Ltd. कम्पनी र आफ्नो Marvelous Employment Nepal Pvt. Ltd. संयुक्तरुपमा मलेसियाको Star Domen Resources Company मा पठाउनु भएकोमा निज कामदारहरुलाई उक्त कम्पनीले काममा नलगाएको र पारिश्रमिक समेत नदिएको भनी कामदारहरुबाट बारम्बार गुनासो आई सो विषयमा मलेसियामा रहेका नेपाली एजेन्ट

इन्द्र

Scanned with CamScanner

**शंकरप्रसाद आचार्य**, **महेन्द्रजंग शाही** र मलेसियाको स्थानीय एजेण्ट Shawn Lee सम्पर्क नं. [redacted] समेतसँग बुझ्ने क्रममा मेरो श्रीमान् र निजहरुबीच केही चर्काचर्की कुराहरुसम्म मोवाइल, मेसेन्जरबाट भएकोसम्म थाहा पाएको हुँ। तर, के कस्तो कुराहरु भयो मलाई यकिन छैन । त्यसरी मलेसियाका नेपाली एजेन्टहरुसँग कुराकानी भएको एक हप्तापछि निज एजेन्टहरुले नै बोलाएको भनी मेरो श्रीमान् मिति ४ अप्रिल २०२३ तद्अनुसार २०७९ चैत्र २१ गते मलेसिया जानुभएकोमा मिति ७ अप्रिल २०२३ तदअनुसार २०७९ चैत्र २४ गते दिनको करिव ११:०० बजे मेरो श्रीमान् मेलसियामा कामदार बस्ने होस्टलको शौचालयमा घाँटीमा पासो लगाई आत्महत्या गर्नुभयो भनी सोही कम्पनीमा कामका लागि गएका कामदारहरुबाट जानकारी भई नेपालमा रहेको कम्पनीमा बुझ्ने क्रममा मेरो श्रीमान्को मृत्यु भएको तथ्य थाहा पाएको व्यहोरा अनुरोध छ ।

(ग) निज नेपाली एजेन्टले वहाँलाई झिकाई कामदारहरुको बारेमा बुझ्नकै लागि मलेसिया जानुभएकोमा के कति कारणले एक्कासी मृत्युवरण भयो, मेरो श्रीमान्को कामदार बस्ने होस्टल भनिएको शौचालयमा सलले घाँटीमा पासो लगाएको सामाजिक संजालबाट प्राप्त तस्वीर र भिडियो हेर्दा आत्महत्या नभई कर्तव्यबाट भएको प्रष्ट देखिएको व्यहोरा अनुरोध छ । साथै भिडियो हेर्दा अपशब्दसमेत बोलेको स्पष्टसँग सुनिएको छ । तसर्थ मेरो श्रीमान्ले आत्महत्या नै गर्ने किसिमले आजसम्म त्यसप्रकारको कुनै पनि अवाञ्छित कार्य गर्नुभएको मलाई आजसम्म थाहा छैन ।

**५. सत्यतथ्य घट्नाको व्यहोरा बाहिर ल्याई दोषी उपर कानून बमोजिम कारबाही गरिपाऊँ :**

(क) मेरो श्रीमान्को उक्त शौचालयको तस्वीर र भिडियो हेर्दा कुनैपनि किसिमले आत्महत्या नभई कुनै आपराधिक गिरोहको कर्तव्यबाट हत्या गरी शौचालयमा झुण्डिएको कृत्रिम बहाना गरिएको प्रष्ट देखिएकोले निजहरु मलेसियास्थित नेपाली एजेन्ट र Star Domen Resources Company मा कामका लागि गएका कामदारहरुलगायत शंकास्पद सबैलाई नेपाली राजदुतावास मार्फत अनुसन्धानको दायरामा राखी सत्यतथ्य घट्ना बाहिर ल्याई दोषी उपर कडाभन्दा कडा कारवाही गरी न्याय दिलाइपाऊँ भनी माननीय मन्त्रीज्यू समक्ष यो निवेदन जाहेर गर्दछु।

(ख) श्रीमानको एक्कासि भएको निधनले हामी परिवारलाई अत्यन्त मर्माहत र क्षतविक्षत् बनाएको छ । मैले बुझ्दा कामदारहरुको समस्या समाधान गर्न मलेसिया जानुभएको मेरो श्रीमानको आत्महत्या नभई कर्तव्यबाट ज्यान गुमाउनुभएको प्राप्त फोटो र भिडियो क्लिपबाट प्रष्ट देखिएको हुँदा अनुसन्धानको कार्यलाई तीव्र बनाई दोपीउपर कानुनबमोजिम आवश्यक कारबाहीको माग गर्दै **निज मेरो श्रीमानको पार्थिव शरीर नेपाल ल्याउने व्यवस्था** समेतका लागि माननीय मन्त्रीज्यू समक्ष विनम्र निवेदन गर्दछु ।

Scanned with CamScanner

(ग) साथै थप मेरो जानकारीमा मलेसियाको स्थानीय एजेण्ट Ms Yeoh नाम गरेको सम्पर्क नं. [redacted] भएको महिलाले मेनपावरको लागि भिषा उपलब्ध गराईदिने शर्तमा करिव ३/४ महिना अघि मेरो श्रीमान्‌बाट रु.३०,००,०००/- (तीस लाख) रकम लिएको र उक्त रकम लिएपछि मेनपावरको काम नगरेको, काम नगर्ने हो भने रकम फिर्ता गर भन्दा फिर्ता पनि नगरेकोले यस अघि समेत मेरो श्रीमान् सोही हिसाव मिलाउन मलेसिया जानु भएकोमा के कस्तो सहमति भयो थाहा नभएको तर अहिले सम्म उक्त रकम फिर्ता नगरेको सम्म मलाई जानकारी छ साथै मलेसियामा नै रोजगार गर्दै बस्नु हुने मेरो देवर सोभित राईले पठाउनु भएको अडियो क्लिपमा निज मलेसियन स्थानीय एजेण्टसंग फोन सम्पर्क गर्दा फोन नउठाउने, मेसेन्जरमा मृतक दाईको फोटो पठाउँदा फोटो डिलेट गरेको र कुनै जवाफ नदिएको साथै एम्वेसीमा बुझ्दा किटानी नाम उल्लेख गरी निवेदन दिनु एम्वेसीबाट खोज्छौ भन्ने सम्मको जानकारी प्राप्त भएकोले कतै मेरो श्रीमान्‌को हत्यामा निज समेतको संलग्नता त छैन ? शंकास्पद रहेकोले निज समेतलाई अनुसन्धानको दायरामा ल्याईयोस विनम्र निवेदन गर्दछु ।

**६. संलग्न कागजातहरु :**

(क) म निवेदिकाको नागरिकताको प्रतिलिपि संलग्न गरेको छु ।

(ख) मेरो श्रीमान्‌को नागरिकता र राहदानीको प्रतिलिपि संलग्न गरेको छु ।

(ग) मेरो श्रीमान्‌को मलेसियास्थित कामदारहरु रहेको होस्टलको शौचालयमा झुण्डिएको अवस्थामा रहेको तस्विर संलग्न गरेको छु ।

(घ) आवश्यक परेको खण्डमा सामाजिक संजालमार्फत प्राप्त भिडियो क्लिपसमेत सुरक्षित रहेको व्यहोरा अनुरोध छ ।

माथि लेखिएको व्यहोरा ठिक साँचो हो, झुट्ठा ठहरे कानूनबमोजिम सहूँला, बुझाउँला ।

**निवेदिका**
निज इन्द्रसुवा राई
हाल ललितपुर, गोदावरी न.पा. ८ख

इति सम्वत् २०७९ साल चैत्र २६ गते रोज १ शुभम्.....................................।

Scanned with CamScanner